# सुदूरपश्चिम प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्न तथा विवाद समाधानको व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावनाः संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको सुदृढीकरणका लागि प्रदेश सरकार तथा स्थानीय तह बीच समन्वय कायम गर्न तथा प्रदेश सरकार र स्थानीय तह बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा त्यसको समाधान गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश तथा स्थानीय तह (समन्वय तथा विवाद समाधान) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ख) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ ।

(ग) "प्रदेश विषयगत समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनु पर्छ ।

(घ) "विवाद" भन्नाले दफा ११ बमोजिमको विवाद सम्झनु पर्छ ।

(ङ) "विशेष समिति" भन्नाले दफा १२ बमोजिम गठन हुने समिति सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(छ) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## प्रदेश तथा स्थानीय तह बीचको समन्वय

३. समन्वय कायम गर्नु पर्नेः (१) प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो कार्यक्षेत्रको कार्य सम्पादन गर्दा संविधानको मर्म बमोजिम एक आपसमा समन्वय, सहकार्य, सहअस्तित्वको आधारमा र दोहोरो नपर्ने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) को सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी प्रदेश र स्थानीय तहले अन्य कुराका अतिरिक्त देहायका विषयमा समन्वय कायम गरी कार्य सम्पादन गर्नु पर्नेछः-

(क) संविधान बमोजिम प्रदेश र स्थानीय तहले प्रयोग गर्ने साझा अधिकार क्षेत्रको प्रयोग,
(ख) दुई वा दुईभन्दा बढी स्थानीय तहको सीमा सम्बन्धी विषय,
(ग) आवधिक योजना व्यवस्थापन वा कार्यान्वयनमा रणनीतिक साझेदारी,
(घ) नीतिगत रुपमा सामञ्जस्यता कायम गर्नुपर्ने काम कारबाही,
(ङ) प्राकृतिक स्रोतको उपयोग र त्यसको लाभको बाँडफाँट,
(च) स्थानीय तहको सेवाको पद स्थायी रुपमा पूर्ति गर्ने विषय,
(छ) कृषि उत्पादनको बजारीकरण तथा बजार सञ्चालन,
(ज) शिक्षा र स्वास्थ्य क्षेत्रसँग सम्बन्धित नीतिगत रुपमा समन्वय गर्नुपर्ने विषय,
(झ) दफा ४ बमोजिम आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषय।

(३) प्रदेश सरकार र स्थानीय तहले वार्षिक बजेट तथा योजना कार्यान्वयन सम्बन्धी विषयमा एक अर्कामा सूचनाको आदान प्रदान गर्नु पर्नेछ।

४. <u>आयोजना कार्यान्वयनमा समन्वयः</u> (१) प्रदेश वा स्थानीय तहबाट आफ्नो कार्यक्षेत्र अन्तर्गतका विषयमा कुनै आयोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्दा दोहोरो नपर्ने गरी एक अर्कासँग समन्वय गर्नु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रदेशले कुनै आयोजना तर्जुमा वा कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय तहसँग र स्थानीय तहले प्रदेश सरकारको पूर्ण वा आंशिक अनुदानमा कुनै आयोजना तर्जुमा वा कार्यान्वयन गर्दा प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा निकायसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

५. <u>स्थानीय तहबीचको समन्वयः</u> (१) स्थानीय तहहरुले सामूहिक सरोकारका वा आपसी सरोकारका विषयमा आपसी सहकार्य, सहअस्तित्व र समन्वयको आधारमा कार्यसम्पादन गर्नु पर्नेछ।

(२) दुई वा दुईभन्दा बढी स्थानीय तहहरुले एक आपसमा समन्वय तथा सहकार्य गरी आपसी हितलाई मध्यनजर गर्दै संयुक्त बैठकको निर्णयबाट दुई वा दुई भन्दा बढी स्थानीय तहमा कार्यान्वयन हुने गरी संयुक्त रुपमा कुनै आयोजनाको तर्जुमा, विकास, कार्यान्वयन र सञ्चालन गर्न सक्नेछन् ।

(३) उपदफा (२) बमोजिम आयोजना तर्जुमा, विकास, कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाको लागत तथा त्यसबाट प्राप्त हुने लाभको बाँडफाँटमा एक-अर्कामा समन्वय गर्नु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले उपदफा (१) वा (२) को विषयमा सम्बन्धित स्थानीय तहको अनुरोधमा आवश्यक समन्वय गर्न सक्नेछ।

६. <u>समन्वय सम्बन्धी कार्यविधिः</u> (१) यस परिच्छेद बमोजिम प्रदेश तथा स्थानीय तहबीच समन्वय कायम गर्दा प्रदेशले भए प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले सम्बन्धित स्थानीय तहमा र स्थानीय तहले भए त्यस्तो तहले त्यस्तो मन्त्रालयमा पत्राचार गरी समन्वयको प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पत्राचार गर्दा जुन विषयमा समन्वय गर्नुपर्ने हो सोही विषयको विवरण पठाउनु पर्नेछ।

## परिच्छेद-३

## प्रदेश विषयगत समिति

७. <u>प्रदेश विषयगत समितिः</u> (१) प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति, योजना वा आयोजना कार्यान्वयन र विकास तथा निर्माणका काममा प्रभावकारिता ल्याउन देहाय बमोजिमको एक प्रदेश विषयगत समिति रहनेछः-

| | |
|---|---|
| (क) प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्रको जिम्मेवारी रहेको मन्त्री | -अध्यक्ष |
| (ख) प्रदेश सभाको सम्बन्धित विषयगत समितिको सभापति | -सदस्य |
| (ग) प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुखमध्ये अध्यक्षले तोकेको प्रमुख एकजना | -सदस्य |
| (घ) प्रदेशभित्रका नगर कार्यपालिकाका प्रमुखमध्ये अध्यक्षले तोकेको एकजना प्रमुख | -सदस्य |
| (ङ) प्रदेशभित्रका गाउँ कार्यपालिकाको अध्यक्षमध्ये अध्यक्षले तोकेको एकजना | -सदस्य |
| (च) प्रदेशभित्रका जिल्ला समन्वय समितिका उपप्रमुख, नगर कार्यपालिकाका उपप्रमुख तथा गाउँ कार्यपालिकाका उपाध्यक्ष मध्ये अध्यक्षले तोकेको चार जना | -सदस्य |

(२) उपदफा (१) को खण्ड (च) बमोजिमका सदस्य तोक्दा कम्तीमा दुईजना महिला पर्नेगरी समावेशी सिद्धान्तको आधारमा फरक-फरक दलको प्रतिनिधित्व हुने गरी तोक्नु पर्नेछ।

(३) प्रदेश विषयगत समितिको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ।

(४) प्रदेश विषयगत समितिको बैठकको मिति, समय, स्थान तथा छलफलको सूची समितिको अध्यक्षले तोके बमोजिम हुनेछ ।

(५) प्रदेश विषयगत समितिको अध्यक्षसहित कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा प्रदेश विषयगत समितिको बैठकको लागि गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(६) प्रदेश विषयगत समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ ।

(७) प्रदेश विषयगत समितिले सम्बन्धित स्थानीय तहको पदाधिकारी, आवश्यकता अनुसार प्रदेशस्थित गाउँपालिका महासंघ र नगरपालिका महासंघको प्रतिनिधि, विषय विज्ञ तथा सरोकारवाला निकायको प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) प्रदेश विषयगत समितिको सचिवालय प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा रहनेछ ।

(९) अध्यक्षले तोकेको प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको अधिकृत नवौं वा दशौं तह वा सो सरहको कर्मचारीले प्रदेश विषयगत समितिको सचिवको रुपमा काम गर्नेछ ।

(१०) प्रदेश विषयगत समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. प्रदेश विषयगत समितिको काम, कर्तव्य र अधिकारः (१) यस ऐनमा उल्लेख भएका अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेश विषयगत समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो विषयसँग सम्बन्धित क्षेत्रका योजना, नीति तथा कानूनको तर्जुमा गर्दा सम्बन्धित स्थानीय तहसँग परामर्श गर्ने,

(ख) क्षेत्रगत योजना, नीति, आयोजना तथा कार्यक्रममा एकरुपता, निरन्तरता, गुणस्तरीयता कायम गर्न र कानून, योजना, नीति, आयोजना तथा रणनीतिहरुको कार्यान्वयनमा प्रभावकारिता ल्याउन आवश्यक समन्वय गर्ने,

(ग) राष्ट्रिय समन्वय परिषद्, प्रदेश समन्वय परिषद् वा विषयगत समितिका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने वा गराउने ।

स्पष्टीकरणः यस परिच्छेदको प्रयोजनका लागि "राष्ट्रिय समन्वय परिषद्" वा “प्रदेश समन्वय परिषद्” भन्नाले संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ बमोजिम व्यवस्था भएका “राष्ट्रिय समन्वय परिषद्” वा “प्रदेश समन्वय परिषद्" सम्झनु पर्छ।

(२) प्रदेश विषयगत समितिलाई कुनै विषयमा प्रदेश समन्वय परिषद्मा छलफल हुन उपयुक्त लागेमा त्यस्तो विषय छलफलका लागि सो परिषद् समक्ष पेश गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश समन्वय परिषद्मा पेश भएको विषयमा सो परिषद्ले कुनै निर्णय गरेमा वा निर्देशन दिएमा प्रदेश विषयगत समितिले सोको कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ ।

९. प्रतिवेदनः (१) प्रदेश विषयगत समितिले आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन प्रत्येक बर्षको साउन मसान्तभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन मुख्यमन्त्रीले प्रदेशसभामा पेश गर्नेछ।

## परिच्छेद-४

## विवाद समाधान

१०. विवाद नआउने गरी कार्यसम्पादन गर्नु पर्नेः (१) प्रदेश सरकार वा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयको कार्यसम्पादन गर्दा एक अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप नहुने र विवाद नआउने गरी सम्पादन गर्नु पर्नेछ ।

(२) प्रदेश सरकार मार्फत सञ्चालित आयोजना, कार्यक्रम कार्यान्वयनको क्रममा दुइ वा दुई भन्दा बढी स्थानीय तहबीच विवाद भएमा सम्बन्धित स्थानीय तह र सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय सहित त्रिपक्षीय छलफलबाट विवाद समाधान गरी कार्यान्वयन गर्नु पर्नेछ ।

११. राजनीतिक विवाद भएमा सूचना दिनु पर्नेः (१) प्रदेश र कुनै स्थानीय तहबीच वा स्थानीय तहहरु बीच कुनै राजनीतिक विवाद उत्पन्न भएमा विवाद उत्पन्न भएको पैंतालीस दिनभित्र प्रदेश र स्थानीय तहले वा सम्बन्धित स्थानीय तहहरुले आपसी परामर्श वा सहमतिबाट त्यस्तो विवाद समाधान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र विवाद समाधान हुन नसकेमा सो अवधि व्यतित भएको पन्ध्र दिनभित्र विवादको कुनै पक्षले प्रदेश सभा सचिवालयमा विवादको विवरण र सो सम्बन्धी लिखित सूचना दिनु पर्नेछ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि “राजनीतिक विवाद" भन्नाले कुनै अदालतमा विचाराधीन रहेको विषय, अदालतबाट निरुपण गर्नु पर्ने विषय वा संविधानको धारा १३७ को उपधारा (२) को खण्ड (क) बमोजिम संवैधानिक इजलासको अधिकारक्षेत्र अन्तर्गत पर्ने विषय बाहेक प्रदेश वा स्थानीय तहबीच उत्पन्न अन्य विवाद सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम सूचना दिंदा प्रदेश सरकारले भए प्रदेश सरकार (मन्त्रिपरिषद्) को र स्थानीय तहले भए सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय बमोजिम दिनु पर्नेछ र त्यसलाई पुष्टि गर्ने निर्णयको प्रतिलिपि संलग्न गरेको हुनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूचना प्राप्त भएको व्यहोरा प्रदेश सभा सचिवालयले सभामुखलाई जानकारी गराउनेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त भएपछि प्रदेश सभामुखले त्यस्तो विवाद राजनीतिक विवाद भए वा नभएको निर्णय गर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) तथा (३) बमोजिम रित नपुगेको सूचना उपर कारबाही हुन सक्ने छैन ।

१२. <u>विशेष समिति गठन गर्ने:</u> (१) दफा ११ को उपदफा (५) बमोजिम प्रदेश सभामुखले राजनीतिक विवाद भएको निर्णय गरेमा त्यस्तो विवाद समाधानको लागि प्रदेश सभामुखले आवश्यक कार्यदिशको प्रस्ताव सहित विवाद समाधानका लागि प्रदेश सभाका सम्पूर्ण सदस्य संख्यालाई विचार गरी सातदेखि नौ जना सदस्य रहेको एक विशेष समिति गठन गर्न प्रदेश सभामा प्रस्ताव पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रस्ताव प्रदेश सभाबाट पारित भएमा विवाद समाधानसम्बन्धी विशेष समिति गठन हुनेछ।

(३) उपदफा (२) बमोजिम विशेष समिति गठन गर्दा सम्भव भएसम्म प्रदेश सभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा गर्नु पर्नेछ।

तर विवादका पक्ष रहेका स्थानीय तह रहेको निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य सो समितिमा रहन सक्ने छैन।

(४) उपदफा (२) बमोजिमका सदस्यहरुले आफू मध्येबाट एकजना सदस्यलाई समितिको सभापति छनौट गर्नेछन्।

(५) कम्तीमा पचास प्रतिशत सदस्य उपस्थित भएमा विशेष समितिको बैठकका लागि गणपूरक संख्या पूरा भएको मानिनेछ।

(६) विशेष समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित प्रदेश मन्त्री, प्रदेश मन्त्रालयका अधिकारी, स्थानीय तह वा जिल्ला समन्वय समितिका पदाधिकारी वा अन्य कुनै विषयका विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) यस ऐनमा उल्लेख भएकोमा बाहेक विशेष समितिको बैठक तथा निर्णय सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

१३. <u>सूचना पठाउने:</u> (१) दफा १२ बमोजिम विशेष समिति गठन भएको सात दिनभित्र विशेष समितिले राजनीतिक विवादका सम्बन्धमा छलफल गर्न त्यस्तो विवादको अर्को पक्षलाई कम्तीमा सात दिनको अवधि तोकी लिखित धारणा प्रस्तुत गर्न सूचना पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएमा विवादको पक्षले विशेष समितिले तोकेको समयावधिभित्र विशेष समिति समक्ष आफ्नो लिखित धारणा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम लिखित धारणा प्रस्तुत गर्दा सम्बन्धित पक्षको धारणालाई प्रमाणित वा समर्थन गर्ने अन्य कागजात पनि संलग्न गर्नु पर्नेछ।

१४. <u>विशेषज्ञ समूह गठन गर्ने:</u> (१) दफा १३ को उपदफा (२) बमोजिम विवादको पक्षले आफ्नो लिखित धारणा पेश गरेपछि विवादको अध्ययन र विश्लेषण गर्दा विवादमा कुनै कानूनी वा प्राविधिक जटिलता रहेको कुनै विषय समावेश भएको र त्यस्तो विषयमा सम्बन्धित विशेषज्ञबाट अध्ययन भई राय प्राप्त भएपछि मात्र विवादको निरुपण हुन विशेष समितिले उपयुक्त देखेमा प्रदेश सरकारको सम्बन्धित

मन्त्रालयसँग समन्वय गरी समावेशी सिद्धान्तको आधारमा बढीमा तीन सदस्यीय सम्बन्धित विषयका स्वतन्त्र विशेषज्ञ समूह गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने विशेषज्ञ समूहको कार्यक्षेत्रगत शर्तहरु (टर्मस अफ रेफेरेन्स) विशेष समितिले विशेषज्ञ समूह गठन गर्दाका बखत निर्धारण गरे बमोजिम हुनेछ।

१५. <u>प्रदेश सरकारसँग समन्वय:</u> विवाद समाधान गर्ने प्रयोजनको लागि विशेष समितिले प्रदेश सरकारको सम्बन्धित मन्त्रालय वा निकाय, सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय गर्नेछ।

१६. <u>जिल्ला समन्वय समितिसँग समन्वय:</u> (१) विशेष समितिले विवाद समाधानका लागि समन्वय वा सहजीकरण गर्न सम्बन्धित जिल्ला समन्वय समितिको सहयोग लिन सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि विशेष समितिले विवादको विवरण कागजात सहित सम्बन्धित जिल्ला समन्वय समितिलाई पठाई सो सम्बन्धमा समन्वय तथा सहजीकरण गर्न वा सो विषयको वास्तविकता बुझी आफ्नो राय सुझाव सहितको प्रतिवेदन पेश गर्न लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा सम्बन्धित जिल्ला समन्वय समितिले लेखी आए बमोजिम कार्य सम्पादन गरी उपदफा (२) बमोजिमको प्रतिवेदन विशेष समिति समक्ष पेश गर्नु पर्नेछ।

१७. <u>स्थलगत अध्ययन:</u> (१) विशेष समितिले आफै वा टोली गठन गरी टोली खटाई विवादको विषयमा स्थलगत अध्ययन गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थलगत अध्ययन भएकोमा विवादको वास्तविकता चित्रण हुने गरी अध्ययन गर्ने पदाधिकारी वा टोलीले प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम स्थलगत अध्ययन गर्ने प्रकृया र अवधि तथा अन्य कार्य क्षेत्रगत शर्तहरु विशेष समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१८. <u>वार्ता, छलफल र परामर्श गर्ने:</u> (१) विशेष समितिले यस ऐन बमोजिम विवाद समाधान गर्न विवादका पक्षहरुसँग आवश्यक वार्ता, छलफल, परामर्श, मेलमिलाप वा सहजीकरण गर्न वा गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वार्ता, छलफल, मेलमिलाप र परामर्शको माध्यमबाट विवादको समाधान हुन सक्ने भएमा बुँदागत रुपमा समाधानका उपायहरु उल्लेख गरी विशेष समितिले प्रतिवेदन तयार गरी प्रदेश सभामुख समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदन प्रदेश सभामुखले निर्णयार्थ प्रदेश सभामा पेश गर्नेछ।

१९. <u>आवश्यक निर्णय गर्न सक्ने:</u> (१) दफा १८ बमोजिम वार्ता, छलफल, मेलमिलाप, सहजीकरण वा परामर्शबाट विवाद समाधान हुन सक्ने सम्भावना नभएमा विशेष समितिले विवाद समाधानका उपाय र विवाद समाधानका आधार सहितको सुझावको सिफारिस प्रतिवेदन प्रदेश सभामुख समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन प्रदेश सभामुखले निर्णयको लागि प्रदेश सभामा पेश गर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संघीय संसद वा प्रदेश सभामा विचाराधीन रहेको विषयसँग सम्बन्धित विवादमा उपदफा (२) बमोजिम निर्णयको लागि पेश गर्न सकिने छैन।

(४) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनको आधारमा प्रदेश सभाले प्रस्ताव पारित गरी उपयुक्त निर्णय गर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रदेश सभाले गरेको निर्णय अन्तिम हुनेछ र विवादका पक्षलाई मान्य हुनेछ।

२०. विवाद समाधान गर्ने अवधिः (१) दफा ११ को उपदफा (२) बमोजिम प्रदेश सभा सचिवालयमा कुनै विवादको सूचना दर्ता भएको नब्बे दिनभित्र त्यस्तो विवाद समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको अवधिभित्र त्यस्तो विवाद समाधान गर्नु पर्नेछः-

(क) विवादको सूचना दर्ता भएको सात दिनभित्र प्रदेश सभाको अधिवेशन अन्त्य भएमा अर्को अधिवेशन शुरु भएको नब्बे दिनभित्र,

(ख) विवादको सूचना दर्ता भएको सात दिन भन्दा बढी अधिवेशन सञ्चालन भएमा त्यस्तो अधिवेशनको नब्बे दिनभित्र र नब्बे दिन भन्दा कम सञ्चालन भएमा सो अवधि र अर्को अधिवेशन शुरु भएपछि दिन गणना गरी नब्बे दिनभित्र,

(ग) विवादको सूचना दर्ता हुँदाका बखत प्रदेश सभाको अधिवेशन नभएको भए अधिवेशन शुरु भएको मितिले नब्बे दिनभित्र ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सभा सचिवालयमा विवादको सूचना दर्ता भएपछि विवाद समाधान नहुँदै प्रदेश सभाको पदावधि समाप्त भएमा वा प्रदेश सभा विघटन भएमा त्यस्तो सूचना र सोसँग सम्बन्धित प्रस्ताव र कारबाही जुनसुकै अवस्थामा रहेको भए पनि स्वतः निष्कृय हुनेछ ।

(४) उपदफा (३) बमोजिम पदावधि समाप्त भएमा वा विघटन भएमा त्यसपछि गठन भएको प्रदेश सभाको पहिलो बैठक बसेको पन्ध्र दिनभित्र प्रदेश सभा सचिवालयमा सूचना दिन सकिनेछ।

(५) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विषयवस्तुको जटिलता वा काबु बाहिरको अन्य परिस्थिति उत्पन्न भई यस दफा बमोजिमको अवधिमा विवाद समाधान हुन नसक्ने भएमा प्रदेश सभाले प्रस्ताव पारित गरी उपयुक्त समय थप गर्न सक्नेछ र यसरी थपिएको अवधिभित्र त्यस्तो विवादको समाधान गर्नु पर्नेछ ।

२१. निर्णय कार्यान्वयन गर्नुपर्ने: राजनीतिक विवाद समाधानको लागि दफा १८ वा १९ बमोजिम प्रदेश सभाले गरेको निर्णय सम्बन्धित पक्षले कार्यान्वयन गर्नु वा गराउनु पर्नेछ।

२२. प्रतिकूल असर नपर्ने: यस परिच्छेद बमोजिम विवाद समाधान भएको कारणले संविधानको धारा १३७ बमोजिम संवैधानिक इजलासमा वा प्रचलित कानून बमोजिम अन्य अदालतमा विचाराधीन रहेको विषयमा प्रतिकूल असर पर्ने छैन ।

## परिच्छेद-५

## विविध

२३. प्रदेश र स्थानीय तहबीच सम्पर्क: (१) यो ऐन तथा प्रचलित कानून बमोजिम प्रदेश सरकारले स्थानीय तहसँग सम्पर्क गर्दा प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत गर्नु पर्नेछ।

(२) यो ऐन तथा प्रचलित कानून बमोजिम स्थानीय तहले प्रदेश सरकारसँग सम्पर्क गर्दा प्रदेश सरकारको सम्बन्धित विषयको कार्यक्षेत्र रहेको मन्त्रालय मार्फत सम्पर्क गर्नु पर्नेछ ।

२४. सचिवालयले सहयोग गर्ने: (१) यस ऐनको परिच्छेद-४ बमोजिम विवादका पक्षलाई सूचना पठाउन, विशेषज्ञ समूह गठन गर्न, प्रदेश सरकारसँग समन्वय गर्न, जिल्ला समन्वय समितिसँग समन्वय तथा परामर्श गर्न तथा विशेष समितिले सम्पादन गर्नुपर्ने अन्य कार्य सम्पादन गर्न प्रदेश सभा सचिवालयले विशेष समितिलाई सहयोग गर्नेछ।

(२) प्रदेश सभा सचिवालयले उपदफा (१) को प्रयोजनका लागि विभिन्न विषयसँग सम्बन्धित विशेषज्ञहरुको छुट्टाछुट्टै सूची तयार गरी अद्यावधिक गर्नेछ ।

२५. निर्णय कार्यान्वयनमा सहयोग गर्ने: (१) कुनै एक प्रदेश वा स्थानीय तहको कानूनी व्यवस्था, प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा अर्को प्रदेश वा स्थानीय तहको सहयोग आवश्यक हुने भएमा प्रदेश सरकारले सहयोगको लागि सम्बन्धित प्रदेश सरकारलाई र एक स्थानीय तहले अर्को स्थानीय तहलाई अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहयोगको लागि कुनै एक प्रदेश सरकारबाट अर्को प्रदेश सरकारलाई र एक स्थानीय तहले अर्को स्थानीय तहलाई लेखी आएमा त्यस्तो कानूनी व्यवस्था, निर्णय वा आदेशको कार्यान्वयन गर्ने वा गराउनु पर्नेछ।

२६. प्रचलित कानून बमोजिम हुने: (१) प्रदेश तथा स्थानीय तह बीचको समन्वय तथा अन्तर सम्बन्धका सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ मा लेखिएको कुरामा सोही ऐन बमोजिम हुनेछ ।

(२) संघीय कानूनमा उल्लिखित विषय बाहेक प्रदेश र स्थानीय तहबीचको समन्वय तथा विवाद निरुपण सम्बन्धमा यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

२७. <u>ऐन कार्यान्वयन मापन गर्ने:</u> (१) यो ऐन प्रारम्भ भएको तीन वर्ष पूरा भएको मितिले एक वर्षभित्र प्रदेश सरकारले यो ऐन कार्यान्वयनको मूल्याङ्कन गर्नेछ ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिम गरेको मूल्याङ्कनको प्रतिवेदन प्रदेश सभाको सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

२८. <u>नियम बनाउने अधिकार</u>: यो ऐन कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

प्रदेश सभाको सम्वत् २०७९ साल श्रावण १२ गते बिहिवारका दिन बसेको दसौं अधिवेशनको २०औं बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

....................

माननीय अर्जुन बहादुर थापा

सभामुख

सुदूरपश्चिम प्रदेश

मितिः २०७९/०४/३१

सुदूरपश्चिम प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मितिः

....................

माननीय देवराज जोशी

प्रदेश प्रमुख